# सचिवालयका मुख्य गतिविधिहरू
# ( जुलाई-अगष्ट २०२४)

## जुलाई २०२४

- ४ जुलाईका दिन नेपाल राष्ट्र बैंक आर्थिक अनुसन्धान विभागद्वारा आयोजना गरिएको आर्थिक वर्ष २०८१/०८२ को मौद्रिक नीति तर्जुमाका लागि सरोकारवालाहरूसँग गरिएको अन्तर्क्रिया कार्यक्रममा संघका प्रमुख कार्यकारी अधिकृत राजेन्द्र कुमार राउत र वरिष्ठ लेखा अधिकृत रविना महर्जनको सहभागिता ।

- ८ जुलाईका दिन सचिवालयका प्रतिनिधिहरूको आइएलओले आयोजना गरेको बैठकमा सहभागीता । मुख्यतया गन्तव्य मुलुकका आप्रवासी कामदारहरूलाई सहयोग गर्ने सम्बन्धमा छलफल । यस कार्यक्रममा प्रमुख कार्यकारी अधिकृत राजेन्द्र कुमार राउत, वरिष्ठ आईटी अधिकृत महेश श्रेष्ठ र कार्यक्रम अधिकृत कुनाल मिश्रा सहभागी ।

- १७ जुलाईका दिन सचिवालय र आईएलओका प्रतिनिधिहरूबीच अनलाईन माध्यमबाट बैठक सम्पन्न । मुख्यतया गन्तव्य मुलुकका आप्रवासी कामदारहरूलाई परियोजनामार्फत सहयोग गर्ने सम्बन्धमा छलफल ।

- २४ जुलाईका दिन संघको सचिवालयका कर्मचारीबीच आईएलओ परियोजनामा प्रस्तुत गरिने धारणाबारे छलफल ।

- २४ जुलाईका दिन सचिवालयका प्रतिनिधिहरूको एसबिआइ बैंकका सिइओ संग भेटघाट । मुख्यतया सिएसआर सम्बन्धी छलफल । संघको तर्फबाट सचिवालयका प्रमुख कार्यकारी अधिकृत राजेन्द्र कुमार राउत र अधिकृत कुनाल मिश्र सहभागी ।

- २४ जुलाईका दिन संघको सचिवालयका कर्मचारीहरू र आइएलओका कार्यक्रम अधिकृत रोनी प्रधानबीच छलफल कार्यक्रम, मुख्यतया आईएलओले साउदी अरेबिया र मलेशियामा आयोजना गर्ने परियोजनाबारे ।

- २४ जुलाईका दिन संघद्वारा सौर्य एयरल्यायन्सको जहाज दुर्घटनाबाट दिवंगत भएका व्यक्तिहरूप्रति प्रेस वक्तव्यमार्फत समवेदना प्रकट ।

- यस अवधिमा लेखा विभागले आगामी आ.ब २०८१/८२ को तेश्रो चौमासिकको आन्तरिक तथा बाहय लेखा परिक्षण सम्पन्न गरिएको ।

## अगष्ट २०२४

- ६ अगष्टका दिन संघका प्रमुख कार्यकारी अधिकृत राजेन्द्र कुमार राउतको नेपाली स्थित कतार दूतावासका महामहितम राजदूत Mishal Mohammed A. A. Al-Ansari सँग भेटघाट । मुख्यतया संघका गतिविधि, वैदेशिक रोजगारीका विषयमा छलफल । यस भेटघाट कार्यक्रममा अधिकृत कुनाल मिश्र सहभागी ।

- ७ अगष्टका दिन गैरआवासीय नेपाली संघ सचिवालयका प्रतिनिधिहरू वरिष्ठ आइटी अधिकृत महेश श्रेष्ठ र अधिकृत कुनाल मिश्रा आइएलओ, आइओएम र युनिडिपिले संयुक्त रूपमा आयोजना गरेको "National Policy Dialogue on Strengthening Labour Migration Governance: Integrating Business and Human Rights Perspectives for the Protection of Migrant Workers" विषेयक गोष्ठिमा सहभागी ।

- १४ अगष्टका दिन गैरआवासीय नेपाली संघ सचिवालयका प्रतिनिधिहरू क्रमशः राजेन्द्र कुमार राउत, वरिष्ठ लेखा अधिकृत रविना महर्जन, अधिकृत कुनाल मिश्रा र संचार तथा वैदेशिक रोजगार अधिकृत इन्द्र लक्ष्मी घिमिरे र नबिल बैंकका प्रतिनिधिहरू बीच वैदेशिक रोजगारीबाट फर्किएका नेपाली श्रमिकहरूको पुर्नस्थापनाको लागि सहयोग तथा सहकार्य सम्बन्धमा छलफल ।

## अन्य महत्वपूर्ण कार्यहरू

नियमित साप्ताहिक बैठक सञ्चालन गरी साताभरकाकार्य विवरण प्रस्तुत गर्ने कार्यको सुरूवात ।

आन्तरिक लेखा परिक्षण सम्पन्न गरिएको ।

आगामी आ.ब २०८१/८२ को दोश्रो र तेश्रो चौमासिकको आन्तरिक लेखा परिक्षण सम्पन्न गरिएको ।

संघको नयाँ वेभसाईटलाई अपग्रेड गरी परिक्षणमा जारी राखिएको ।